# प्रस्तावित दण्डहीनता निषेध गर्ने विधेयक, २०६४

**२०६४ असोज, काठमाडौं**

**मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)**
Human Rights and Democratic Forum (FOHRID)
१९६/१४ राधेमार्ग, डिल्लीबजार, काठमाडौं
पत्रमञ्जुषा नं.: १९१८६ काठमाडौं, नेपाल
**फोन** : +९७७-१-४४ २३ १२५, फ्याक्स : +९७७-१-४४ ३८ ८१२
**इमेल** : fohrid@wlink.com.np
**वेवसाइट** : www.fohrid.org.np, www.fohridnetwork.org



| | | |
|---|---|---|
| संस्करण | : | प्रथम २०६४ असोज |
| प्रकाशन प्रति | : | १,००० |
| तयारी र प्रकाशन | : | मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) |
| **ISBN** | : | 978-9937-2-0120-9 |
| प्रकाशन सहयोग | : | युरोपेली आयोग |

यो प्रकाशन युरोपेली संघको सहयोगमा उत्पादन गरिएको हो । यो प्रकाशनका विषयवस्तुहरुमा मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) नै जिम्मेवार छ र यसले युरोपेली संघको दृष्टिकोणलाई कसैगरी पनि प्रतिविम्बित गर्ने छैन ।

सम्माननीय श्री सुवासचन्द्र नेम्वाङ,
सभामुख,
तथा माननीय सांसदहरु
व्यवस्थापिका संसद्
सिंहदरवार, काठमाडौं ।

विषय : **दण्डहीनता निषेध गर्ने विधेयक, २०६४ लाई व्यवस्थापिका संसदबाट पारित गर्ने सम्बन्धमा ।**

सम्माननीय सभामुखज्यू तथा माननीय सांसदज्यूहरु,

मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) को अगुवाइमा मानव अधिकार समुदायका तर्फबाट दण्डहीनता निषेध गर्ने विधेयक, २०६४ को मस्यौदा तयार गरी तपाइहरु समक्ष प्रस्तुत गरिएको छ । यो विधेयकको मुख्य उद्देश्य संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन, संरक्षण एवं संवर्द्धन गर्न मानव अधिकार तथा मानवीय कानुनविरुद्धको अपराधमा संलग्न दोषीलाई कारबाही गरी दण्डहीनताको अन्त्य गर्ने रहेको छ ।

सम्माननीय सभामुखज्यू, तथा माननीय सांसदज्यूहरु,

यस विधेयकले अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लंघनका अपराधहरुका साथै अन्तर्राष्ट्रिय स्तरमा संरक्षण गरिएका मानव अधिकारका अन्य उल्लंघनहरु जसलाई राज्यहरुले दण्डित गर्नुपर्छ भनेर अन्तर्राष्ट्रिय कानुनले बोलेको हुन्छ त्यस्ता अपराधहरुलाई निषेध गर्न मार्ग-प्रशस्त गर्नेछ । साथै, दण्डहीनता विरुद्ध अन्तर्राष्ट्रिय कानुन-प्रणालीमा विकसित मानव अधिकार तथा मानवीय कानुनका खास-खास उल्लंघनहरुलाई अपराध मानी त्यस्ता अपराधहरुमा संलग्न दोषीलाई कारबाही चलाई कानुनको व्यवहारिक कार्यान्वयन गर्न हाम्रो देश अनुकूलका संयन्त्रहरु निर्धारण गरेको छ ।

सम्माननीय सभामुखज्यू, तथा माननीय सांसदज्यूहरु,

यो विधेयक पारित गरिएमा नेपालका अन्तर्राष्ट्रिय स्तरमा व्यक्त प्रतिबद्धताहरुको राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न सकिने छ । दण्डहीनताको संस्कृति (Culture of Impunity) अन्त्य गरी जवाफदेहीताको संस्कृति (Culture of Accountability) तर्फ राज्य उन्मुख हुनेछ । यो कानुन जारी भएपछि विगतदेखि वर्तमानसम्म निर्वाधरुपमा मानव अधिकार र मानवीय कानुन विरुद्धका कार्यमा संलग्न राज्यका पदाधिकारीहरुलाई समेत कारबाही गर्न सकिने हुँदा पीडकले कानुनबमोजिमको



सजाय पाउने र पीडितले न्याय प्राप्त गर्नेछन् । साथै, यसले फौजदारी न्याय-प्रणालीलाई गतिशील र व्यापक आयाम थप्ने हुँदा विश्वमै दण्डहीनता विरुद्धको उदाहरणीय कानुनको रुपमा यो ऐन रहने छ ।

प्रस्तुत विधेयकले विद्यमान कानुनमा भएका अपर्याप्तता र अभावलाई पूरा गर्नेछ । मुलुकमा व्याप्त रहेको दण्डहीनतालाई अन्त्य गरी मानव अधिकारको संरक्षण, संवर्द्धन एवं कानुनी राज्य तथा प्रजातन्त्रको सवलीकरणमा समेत योगदान पुऱ्याउने छ ।

सम्माननीय सभामुखज्यू, तथा माननीय सांसदज्यूहरुसमक्ष आवश्यक पहल गरी यो विधेयकलाई संसदबाट पारित गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)
१९६/१४ राधेमार्ग, डिल्लीबजार काठमाडौं
पत्र मञ्जुषा नम्बर : १९१८६, काठमाडौं नेपाल
फोन : ०१-४४ २३ १२५
फ्याक्स : ०१-४४ ३८ ८१२
इमेल : fohrid@wlink.com.np
वेवसाइट : www.fohrid.org.np, www.fohridnetwork.org

# विषयसूची

सम्माननीय सभामुख तथा माननीय सांसदज्यूहरु
समक्ष विधेयक पारित गर्नका लागि ज्ञापन पत्र

**भाग : एक**

**दण्डहीनता निषेध गर्ने ऐन : आवश्यकता र औचित्य**

पृष्ठभूमि .........
दण्डहीनताको समस्या र प्रस्तावित विधेयक .........
कानुनको औचित्य र आवश्यकता
मानव अधिकारको रक्षा र दण्डहीनताको अन्त्यका लागि विधेयकले गर्ने मार्ग-प्रशस्त ........
दण्डहीनता निषेध गर्ने कानुनको प्रभाव ........

**भाग : दुई**

**प्रस्तावित विधेयक**

दण्डहीनता निषेध गर्ने विधेयक, २०६४ ........

**भाग : तीन**

**विधेयक निर्माणको प्रक्रिया र साझेदारहरु**

प्रक्रिया
विधेयक निर्माणमा संलग्न साझेदारहरु ........

(क) नागरिक मस्यौदा परिषद्मा संलग्न भै मस्यौदा प्रक्रियामा योगदान गर्नु हुने संस्था तथा व्यक्तिहरु .........
(ख) लिखित सुझाव प्रदान गर्ने संस्था एवं व्यक्तिहरु ..........
(ग) मस्यौदा प्रक्रियामा संलग्न संस्था तथा व्यक्तिहरु .........

# भाग : एक

## दण्डहीनता निषेध गर्ने ऐन : आवश्यकता र औचित्य

### पृष्ठभूमि

नेपालमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको व्यापक उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका दोषीहरुलाई न्यायिक प्रक्रियाभित्र ल्याउन नसकिएको अवस्थाले दण्डहीनतालाई बढवा दिई जवाफदेहितालाई घटाएको छ । मानव अधिकार उल्लंघनमा संलग्न दोषीहरुलाई कानुनको कठघरामा उभ्याई पीडितलाई न्याय दिलाउनु मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि पूर्वशर्त हो । यसका साथै, कानुनी शासन र समावेशी लोकतन्त्रको सबलीकरणका निम्ति दण्डहीनतामा शून्य सहिष्णुता अपरिहार्य छ । यसै मान्यताबाट मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)ले दण्डहीनता विरुद्धको अभियानलाई दीर्घकालीन रणनीतिका साथ अगाडि बढाउँदै आएको छ ।

फोरिडद्वारा सञ्चालित दण्डहीनता विरुद्ध अभियानका दुईवटा पाटाहरु रहेका छन् । पहिलो, दण्डहीनताको कुसंस्कृति अन्त्यका लागि वकालत तथा चेतनामूलक कार्यक्रमहरुका माध्यमबाट आम जनमत जुटाई दण्डहीनता मुक्त समाजको निर्माण गर्नु । दोस्रो, मानव अधिकार र मानवीय कानुन उल्लंघन सम्बन्धमा अन्तर्राष्ट्रिय कानुनमा विकसित 'दण्डहीनता'लाई नै अपराध मान्ने विधिशास्त्रीय अवधारणाका आधारमा नेपाली परिवेश अनुरुप नीतिनिर्माण तहमा योगदान दिँदै दण्डहीनता निषेध सम्बन्धी नयाँ कानुनहरुको मस्यौदा कार्यलाई अघि बढाउनु ।

फोरिडले दण्डहीनता विरुद्धको अभियानको क्रममा, **दण्डहीनता निषेध गर्ने विधेयक, २०६४** को अन्तिम मस्यौदा तयार पार्ने कार्य गरिसकेको छ । यो प्रस्तावित ऐन फोरिडको अगुवाइमा नागरिक समाजका तर्फबाट तयार गरिएको हो । यो ऐनलाई कानुनविद्हरु, मानव अधिकारकर्मीहरु, नागरिक समाजका प्रबुद्ध एवं प्राज्ञ व्यक्तित्वहरु, पीडित व्यक्तिहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय मानव अधिकार संघ-संस्थाहरु लगायतका सरोकारवाला साझेदारहरुको साझा प्रयासबाट तयार गरिएको छ । यसरी विगत दुई वर्षको अथक प्रयासबाट तयार पारिएको यो विधेयक तपाईंहरु समक्ष प्रस्तुत भएको छ । यो विधेयकलाई फोरिडद्वारा युरोपेली आयोगको आर्थिक सहयोगमा सञ्चालित **'गैरकानुनी हत्या र दण्डहीनताको अन्त्य'** विषयक परियोजना मार्फत तयार गरिएको हो ।

अन्त्यमा, हाम्रो यस अभियानमा सहयोग पुऱ्याउने सम्पूर्ण संघ-संस्था तथा व्यक्तित्वहरुप्रति आभार व्यक्त गर्दछौं । प्रस्तुत विधेयकले विद्यमान कानुनमा भएका



अपर्याप्तता र अभावलाई पूरा गर्नेछ । मुलुकमा व्याप्त रहेको दण्डहीनतालाई अन्त्य गरी मानव अधिकारको संरक्षण, संवर्द्धन एवं कानुनी राज्य तथा प्रजातन्त्रको सवलीकरणका माध्यमबाट सबैलाई न्याय दिलाउनेतर्फ यो विधेयकले योगदान पुऱ्याउने हाम्रो ठहर छ ।

### दण्डहीनताको समस्या र प्रस्तावित विधेयक

दण्डहीनताका कारण वा दण्डको भयका अभावले विधिको शासनलाई कमजोर बनाएको मात्र नभई यो नेपाली समाजको गम्भीर समस्या र चुनौती बनेको छ । परिणाम स्वरुप संविधान लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरुद्वारा प्रदत्त नागरिकका अधिकारहरुको शृंखलाबद्ध उल्लंघन हुदै आएको छ । जसले गर्दा नेपालमा समग्र मानव अधिकारको स्थिति समेत खस्कदो छ । यसको मुख्य कारण व्यापक दण्डहीनता नै हो । दण्डहीनताको समस्यालाई अन्त्य गर्न ठोस एवं पर्याप्त उपायहरु अवलम्बन नगरिएसम्म समग्र मानव अधिकारको स्थितिमा सुधार गर्ने लक्ष हासिल गर्न सकिदैन ।

जन-आन्दोलन भाग-१ र भाग-२ का बेला भएका ज्यादती र बर्बरताका दोषीहरुलाई त्यसपछिका सरकारहरुले कारबाही नगरेका कारण बहुदलीय शासन प्रणालीको पुनर्स्थापना भएदेखि नै मानव अधिकार उल्लंघनहरुमा दण्डहीनता सरकारी संस्कृतिकै रुपमा रहिआएको छ। यसो हुनुमा कानुनी शासनको प्रभावकारिताको अभाव पनि हो । त्यसैगरी, विसं. २०५२ देखि सुरु भएको माओवादी जनयुद्धपछि त झन् सरकार र नेकपा (माओवादी)बाट हत्या, अपहरण, कुटपिट, यातना, बलात्कार, बेपत्ता जस्ता मानव अधिकार कानुनको व्यापक उल्लंघन र मानवीय कानुनको गम्भीर उल्लंघनका कार्यहरु दण्डहीनताका साथ भएको हाम्रो सामु छर्लङ्ग छ ।

यस्ता गम्भीर घटनाहरुमा दण्डमुक्ति पाइरहनुले नेपालको विद्यमान कानुनी संरचनामा अपर्याप्तता रहेको कुरालाई थप पुष्टि पारेको छ । नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ मा सम्मिलन जनाएको छैन । त्यसैगरी, राज्य पक्ष रहेका अन्य अन्तर्राष्ट्रिय कानुनहरुलाई मूर्तरुप दिन घरेलु कानुनहरुको समेत अभाव रहनुका साथै, तिनको व्यवहारिक कार्यान्वयनमा समेत प्रश्न चिन्ह खडा भएको छ ।

### मानवीयता र न्यायको बाधक दण्डहीनता

नेपालमा मानव अधिकार र मानवीय कानुन उल्लंघनका पीडकहरुलाई अभियोग लगाउन, गिरफ्तार गर्न, मुद्दा चलाउन र दोषी पाइएमा उपयुक्त दण्ड-सजायको

निर्णय गर्न विद्यमान कानुनी प्रणाली असफल रहेको छ। साथै, पीडितहरुलाई परिपूरण भराउन र न्याय दिलाउन सकिएको छैन। फौजदारी, देवानी, प्रशासकीय वा अनुशासन सम्बन्धी जुनसुकै कारबाही हुनसक्ने पीडकलाई समेत कुनै सोधपुछसम्म नगर्ने परिपाटीका कारण उल्लंघनमा विधिवत् वा तथ्यगतरुपले जवाफदेही बनाउन असम्भव भएको छ। दण्डहीनताको कारण मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका घटनाहरु जस्तो कि,- युद्ध अपराध, मानवता विरुद्धको अपराध, आम नरसंहार, यातना, गैर न्यायिक हत्या, बलात्कार, अपहरण र जबर्जस्ती बेपत्ता पार्ने कार्यहरुमा संलग्न दोषीहरु सदैव न्याय प्रक्रिया भन्दा बाहिर रहेका छन्। अन्ततः यस्तो परिस्थितिले कानुनी राज्य र फौजदारी न्याय प्रणालीको मर्मलाई नै चुनौती दिएको छ।

दण्डहीनताको समस्याको मात्राले सार्वजनिक सद्विवेक, मानवीय सहिष्णुता र मानव अधिकारको संस्कृति प्रति समेत चुनौती खडा गरिदिएको छ। दण्डहीनताका कारण अन्तर्राष्ट्रिय समुदायको चासो रहने गम्भीर अपराधहरुका सूत्राधारलाई मानवताका शत्रु (hostes humani generis) का रुपमा परिभाषित गरी दोषीहरुलाई न्याय-प्रक्रियाभित्र ल्याई कारबाही चलाउन सकिएको छैन। यसरी, समग्ररुपमा अन्तर्राष्ट्रिय समुदायलाई नै असर पार्ने अत्यन्त गम्भीर किसिमका अपराधका दोषीहरु लामो समयदेखि नेपालमा दण्डविहीन रहँदै आएका छन्। अर्कोतर्फ, पीडितहरुले बोल्ने आँट वा न्याय खोज्ने साहसै गर्न सकेका छैनन्। न त राज्य संयन्त्र वा अधिकारीहरुसँग दण्डहीनता अन्त्य गर्ने इच्छा वा न्याय सुनिश्चित गर्ने साधनको पर्याप्तता नै छ। यसरी राज्यको मौनता र गैरजिम्मेवारीपनका कारण दण्डहीनताले खतरनाक परिणामहरु निम्त्याइरहेको छ। यसबाट उल्लंघनकारीहरुलाई तिनले गरेका कार्यहरुको परिणाम कहिल्यै सामना गर्नुपर्ने छैन भन्ने दण्डहीन-सोचलाई बढवा दिनुको साथै पीडितहरुको पीडा तथा दर्दलाई बेवास्ता गरेको छ। दण्डहीनताले अपराधलाई निरन्तरता दिएको छ, राज्यका निकायहरुलाई कमजोर पारेको र मानवीय मूल्य-मान्यताहरुलाई इन्कार गरी कलुषित पारेको छ।

### कानुनको औचित्य र आवश्यकता

दक्षिण एसियामा नेपालले उल्लेखनिय मात्रामा मानव अधिकार तथा मानवीय कानुन सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरुलाई अनुमोदन गरेको छ। त्यसरी अनुमोदन गरिएका अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले प्रत्याभूत गरेका अधिकारहरुको रक्षा गर्नु, उल्लंघनका पीडितहरुलाई उपचारको अधिकार प्रदान गर्ने व्यवस्था र संयन्त्रहरुको विकास गर्ने, मानव अधिकार हनन कर्ताहरुलाई न्यायिक प्रक्रियाभित्र ल्याउने, नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्ने, सम्मानको सुनिश्चितता गर्ने र लागू गर्ने राज्यको अन्तर्राष्ट्रिय उत्तरदायित्व हो। पक्ष राष्ट्रका हैसियतले यी दायित्वहरुलाई राज्य पक्ष भएका



सन्धिहरु अनुरुप घरेलु तहमा कार्यान्वयन गर्नुपर्छ। यसका लागि घरेलु तहमा आवश्यक कानुनहरुको तर्जुमा गर्नु पर्छ। तर नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन, संरक्षण एवं संवर्द्धन गर्न घरेलु तहमा प्रभावकारी कानुनहरुको अभाव रहेको छ। त्यसैअनुरुप, अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघनलाई रोकथाम गर्ने, उल्लंघनमा संलग्न पीडकहरुलाई कारबाही गर्ने र पीडितलाई न्याय दिलाई दण्डहीनतालाई निषेध गर्ने प्रभावकारी घरेलु कानुनको अभावलाई यो ऐनले पूरा गर्नेछ। साथै, ऐनले अन्तर्राष्ट्रिय सरोकारका अपराधहरुका उल्लंघनकारीहरुलाई अभियोजन गर्ने दायित्व पूरा गर्नका लागि समेत राष्ट्रिय स्तरमा रहेको कानुनी आवश्यकतालाई पूरा गर्दछ।

मानव अधिकार र मानवीय कानुनको गम्भीर उल्लंघन गर्ने व्यक्ति उपर अनुसन्धान, अभियोजन र पुर्पक्ष गरी दोषीलाई कारबाही गर्न असफल भएको अवस्था दण्डहीनता हो। दण्डहीनता विरुद्ध विकसित अन्तर्राष्ट्रिय दस्तावेजहरुले कुनै पनि प्रकार र स्वरुपको दण्डहीनता स्वीकार्य हुन नसक्नेतर्फ राष्ट्रहरुलाई सचेत गराएका छन्। राष्ट्रिय तहमा पनि विभिन्न संघ-संस्था एवं व्यक्तिहरुले दण्डहीनताको अन्त्यका लागि जोडदार आवाज उठाउँदै आएका छन्। यी सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास र पहलकदमीका बाबजुद नेपालमा दण्डहीनताले संस्थागतरुप धारण गरेको छ। नागरिक विरुद्ध गरिएका मानव अधिकार र मानवीय कानुन विरुद्धका गम्भीर अपराधमा समेत राज्यका पदाधिकारी एवं कानुन कार्यान्वयन गर्ने अधिकारीलाई उन्मुक्ति दिइदै आएको छ। यो अवस्थाका लागि शासकीय मानसिकता, सामाजिक अवस्था वा नागरिकको चेतनास्तर आदि कुनै न कुनै रुपमा जिम्मेवार भए पनि मूल कारण भनेको दण्डहीनता अन्त्य गर्ने सम्बन्धी विशिष्ट कानुनको अभाव नै हो।

नेपालमा प्रचलित अपराध सम्बन्धी कानुनहरु परम्परागत फौजदारी विधिशास्त्रमा आधारित छन्। नेपालको मुलुकी ऐन वा अन्य कानुनहरुमा गरिएका व्यवस्थाहरु व्यक्ति-व्यक्तिका बीच भएका अपराधसँग सम्बन्धित छन्। तर व्यक्ति वा नागरिकका विरुद्ध राज्यद्वारा गरिएको अपराध जसलाई अन्तर्राष्ट्रिय कानुनद्वारा मानव अधिकार र मानवीय कानुनविरुद्धका अपराधको रुपमा परिभाषित गरिएको छ, यस्ता अपराधहरुलाई सम्बोधन गर्ने सम्बन्धमा हालसम्म राष्ट्रिय स्तरमा कुनै खास कानुनको निर्माण भएको छैन। यस परिस्थितिमा, मानव अधिकार र मानवीय कानुन विरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कारबाही गरी राज्यमा जरा गाडेर रहेको दण्डहीनताको अन्त्य गर्न यस विशेष कानुनको औचित्य र आवश्यकता रहेको छ।

विगतमा भएको सशस्त्र आन्तरिक द्वन्द्व र वर्तमान अस्थिर राजनीतिक सन्दर्भमा, नेपालमा दण्डहीनताको समस्या मूलतः सरकार, राजनीतिक तह, राजनीतिक दल, राज्यका कानुन कार्यान्वयन गर्ने निकाय लगायतका सन्यन्त्र एवं विद्रोही समूह र

गुट उपगुटहरुसँग प्रत्यक्षरुपले जोडिएको छ। यसप्रकार, दण्डहीनता समग्र राज्यको समस्या भएकाले यसको निवारणका लागि सरकार तथा शासन-प्रणाली, राजनीतिक नेतृत्व, कानुन कार्यान्वयन गर्ने निकाय र नीतिनिर्माताहरुको प्रथम् दायित्व र जिम्मेवारी हो । तर यस दिशामा हालसम्म उनीहरुका तर्फबाट कुनै स्पष्ट सोच र प्रयास हुन सकेको देखिदैन । त्यसैले, मानव अधिकार समुदायका तर्फबाट मानव अधिकार तथा मानवीय कानुनको उल्लंघनमा जिम्मेवारहरुलाई कानुनको दायरामा ल्याई जवाफदेही बनाउन, दण्डहीनताको अन्त्य, कानुनी शासनको सबलीकरण र मानव अधिकार संस्कृतिको निर्माण गर्न यो विधेयकको जरुरत परेको हो ।

## मानव अधिकारको रक्षा र दण्डहीनताको अन्त्यका लागि विधेयकले गर्ने मार्ग-प्रशस्त

यस विधेयकले अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लंघनका अपराधहरु जस्तै- मानवता विरुद्धको अपराध, युद्ध अपराध र नरसंहारका साथै अन्तर्राष्ट्रिय स्तरमा संरक्षण गरिएका मानव अधिकारका अन्य उल्लंघनहरु जसलाई राज्यहरुले दण्डित गर्नुपर्छ भनेर अन्तर्राष्ट्रिय कानुनले बोलेको हुन्छ त्यस्ता अपराधहरुलाई निषेध गर्न  मार्ग-प्रशस्त गर्नेछ ।

साथै, प्रस्तुत विधेयकले दण्डहीनता विरुद्ध अन्तर्राष्ट्रिय कानुन-प्रणालीमा विकसित मानव अधिकार तथा मानवीय कानुनका खास-खास उल्लंघनहरुलाई अपराध मानी त्यस्ता अपराधहरुमा संलग्न दोषीलाई कारबाही चलाई कानुनको व्यवहारिक कार्यान्वयन गर्न हाम्रो देशअनुकूलका संयन्त्रहरु निर्धारण गरेको छ। तसर्थ, यस विधेयकले नेपालमा मानव अधिकारको रक्षा गर्न र मानव अधिकार उल्लंघनको मूल कारकको रुपमा रहेको व्यापक दण्डहीनता अन्त्यका लागि उचित मार्ग-निर्देश गर्नेछ ।

## दण्डहीनता निषेध गर्ने  कानुनको प्रभाव

दण्डहीनता अन्त्य गर्ने कानुनको निर्माण भएमा यसले न्यायपूर्ण समाजको निर्माणमा महत्वपूर्ण प्रभाव पार्ने निश्चित छ। अन्तर्राष्ट्रिय स्तरमा व्यक्त प्रतिबद्धताहरुको राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न र दण्डहीनताको संस्कृति (Culture of Impunity) बाट जवाफदेहीताको संस्कृति (Culture of Accountability) तर्फ राज्य उन्मुख छ भन्ने यस कानुनको पहिलो सन्देश र प्रभाव हुनेछ। यो कानुन जारी भएपछि विगतदेखि वर्तमानसम्म निर्वाधरुपमा मानव अधिकार र मानवीय कानुन विरुद्धका कार्यमा संलग्न राज्यका पदाधिकारीहरुलाई समेत कारबाही गर्न सकिने हुँदा पीडकले कानुनबमोजिमको सजाय पाउने भएकाले राज्यमा दण्डहीनताको अवस्था रहने छैन र पीडितले न्याय प्राप्त गर्नेछन् भन्ने सन्देश पनि प्रवाह हुनेछ। दण्डहीनताविरुद्धको



संघर्षका लागि समेत नैतिक र कानुनी बल थपिनेछ। यसबाट, नेपाली समाजमा दण्डहीनताको अन्त्य गरी मानव अधिकार संस्कृति निर्माण हुनेछ। साथै, यसले फौजदारी न्याय-प्रणालीलाई गतिशील र व्यापक आयाम थप्ने हुँदा विश्वमै दण्डहीनता विरुद्धको उदाहरणीय कानुनको रुपमा यो ऐन रहने छ ।

## सन्दर्भ सामाग्री :


१ फोरिड, **दण्डहीनता विरुद्ध विकसित अन्तर्राष्ट्रिय दस्तावेजहरु,** (२०६४) मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च, काठमाडौं ।

२ अन्तर्राष्ट्रिय फौजदारी अदालत १९९८, **अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ ।**

३ संयुक्त राष्ट्र संघ, आर्थिक तथा सामाजिक परिषद्, **दण्डहीनता विरुद्ध लड्ने कार्यमार्फत मानव अधिकारको संरक्षण र प्रवर्द्धनका सिद्धान्तहरुको अद्यावधिक सार-तालिका,** (२००५) **जीइ.०५१०९००(ई) २१०२०५**

४ फोरिड, **गैर कानुनी हत्या र दण्डहीनता अन्त्य परियोजना दस्तावेज,** (२००६) मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च, काठमाडौं ।

५ अन्तर्राष्ट्रिय न्यायका लागि ब्रसेल्स समूह, **दण्डहीनता विरुद्धको संघर्ष : जोखिम र दृष्टिकोणहरु,** (२००२) ब्रसेल्स मार्च ११-१३, २००२ ।

६ फोरिड, **FOHRID Human Rghts Monitor No. 12-17, 2006-07,** मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च, काठमाडौ ।

७ आचार्य, भीमार्जुन, **दण्डहीनता उन्मूलन गर्ने सम्बन्धी कानूनको आवश्यकता : संक्षिप्त आधारपत्र,** (२००६) मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)

८ सिवाकोटी, आर.के., **दण्डहीनता विरुद्धको संघर्ष, रोम विधानको अनुमोदन-कार्यान्वयन र भविश्यः अवधारणापत्र,** (२००६) मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) ।

९ सिवाकोटी, आर.के., **दण्डहीनता विषयक कानुनको मस्यौदा : छलफलका लागि आधारपत्र,** (२००६) मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) ।

१० विलियम ए स्यावास, **अन्तर्राष्ट्रिय फौजदारी अदालत : एक चिनारी,** ( २००४) क्याम्ब्रिज युनिभर्सिटी प्रेस २००४ ।

११ International Center for Human Rights and Democratic Development, **Campaign aginst the impunity: Portrait and Plan of Action,** (1997) ICHRDD, 63, rue de Bressoles, Montreal, Canada, H2Y IV7.

# भाग : दुई

## प्रस्तावित विधेयक

## दण्डहीनता निषेध गर्ने विधेयक, २०६४

**प्रस्तावना:** संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन, संरक्षण एवं संवर्द्धन गर्न मानव अधिकार तथा मानवीय कानुनविरुद्धको अपराधमा संलग्न दोषीलाई कारबाही गरी दण्डहीनताको अन्त्य गर्न आवश्यक भएकोले;

संसद्ले यो ऐन बनाई लागू गरेको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "दण्डहीनता निषेध गर्ने ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **ऐनको वहिर्क्षेत्रीय प्रयोग** : यस ऐनअन्तर्गतका कसूर वा अपराध नेपाल राज्यबाहिर बसी गरेको भए तापनि त्यस्तो अपराध वा कसूर नेपाल राज्यभित्र गरेसरह मानी कसूरमा संलग्न व्यक्तिलाई यसै ऐनबमोजिम कारबाही र सजाय हुनेछ ।

३. **निषेधित कार्य** : राज्यभित्र वा बाहिर जुनसुकै भू-भाग वा समयमा कुनै पनि नागरिकविरुद्ध हुने मानव अधिकार तथा मानवीय कानुन विरुद्धका कार्यहरू प्रतिबन्धित रहनेछन् ।

४. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) 'दण्डहीनता' भन्नाले मानव अधिकार तथा मानवीय कानुनको उल्लंघन गर्ने व्यक्तिउपर अनुसन्धान, अभियोजन, पुर्पक्ष तथा कारबाही नगरिएको वा गर्ने इच्छा नराखिएको वा गर्न नसकिएको वा असफल भएको अवस्था सम्झनुपर्दछ ।

(ख) "मानव अधिकार तथा मानवीय कानुनविरुद्धको अपराध" भन्नाले नरसंहार, मानवता विरूद्धको अपराध, युद्ध अपराध र मानव अधिकार तथा



मानवीय कानुन सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले प्रत्याभूत गरेका मानव अधिकार विरुद्धका कार्य सम्झनुपर्दछ ।

(ग) "नरसंहार" भन्नाले कुनै जाति, समुदाय वा समूहका सदस्यहरुको ज्यान लिने कार्य वा कुनै जाति, समुदाय वा समूहका सदस्यहरुलाई गम्भीर शारीरिक वा मानसिक त्रास पुऱ्याउने कार्य वा कुनै जाति, समुदाय वा समूहका सदस्यहरुको जन्मनिरोध गर्ने कार्य वा कुनै जाति, समुदाय वा समूहका सदस्यहरुका बालबालिकालाई जबर्जस्ती अर्को समूहमा सार्ने कार्य सम्झनुपर्दछ ।

(घ) "मानवता विरूद्धको अपराध" भन्नाले नागरिकविरूद्ध गरिएका आमहत्या, दासता, यातना, सफाया, अपहरण, जनसंख्याको जबर्जस्ती स्थानान्तरण वा विस्थापन, बलात्कार, यौन-शोषण, जबर्जस्ती वेश्यावृत्ति, जबर्जस्ती गर्भधारण वा बन्ध्याकरण, कुनै पनि प्रकारको यौन-हिंसा, बेपत्ता पार्ने कार्य, राजनीतिक, धार्मिक, जातीय, लैङ्गिक वा अन्य कुनै आधारमा गरिने दमन वा अन्य अमानवीय कार्य सम्झनुपर्दछ ।

(ङ) "युद्ध अपराध" भन्नाले अन्तर्राष्ट्रिय मानवीय कानुन तथा त्यससँग सम्बन्धित प्रथाजनित कानुन विरुद्धका अपराधलाई सम्झनुपर्दछ जसअन्तर्गत सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षबाट गरिएका हत्या वा यातना तथा अमानवीय व्यवहार वा शरीर वा स्वास्थ्यमा ठूलो असर वा सैन्य आवश्यकताले शक्ति प्रमाणित हुन नसक्ने गरी स्वेच्छापूर्वक गरिएको सम्पत्तिको नास वा युद्धबन्दी वा अन्य संरक्षित व्यक्तिलाई शत्रुपक्षको दलबलमा सेवा गर्न बाध्य पार्ने कार्य वा युद्धबन्दी वा संरक्षित व्यक्तिलाई नियन्त्रण तथा नियमित पुर्पक्षको अधिकारबाट वञ्चित गर्ने कार्य वा जबर्जस्ती निष्कासन, स्थानान्तरण वा थुनछेक वा बन्धक बनाउने कार्य वा गैरसैनिक वा संघर्षमा प्रत्यक्ष भाग नलिएका नागरिकहरु उपर गरिएको आक्रमण वा सुरक्षाघेरामा नरहेका र सैनिक उद्देश्यमा नरहेका शहर, गाउँ, आवास वा भवनहरुमा गरिएको आक्रमण वा गोलाबारी वा स्वेच्छाले आत्म-समर्पण गरेका लडाकूहरुलाई मार्ने वा घाइते बनाउने कार्य वा विष वा विषाक्त हतियार प्रयोग गर्ने कार्य वा कुनै खास स्थान, क्षेत्र वा सैनिकबललाई सैनिक कारबाहीबाट सुरक्षित राख्न गैरसैनिक वा अन्य संरक्षित व्यक्तिहरुलाई मानव-ढाल बनाउने कार्य समावेश हुनेछन् ।

(च) "पीडित" भन्नाले मानव अधिकार तथा मानवीय कानुनको उल्लंघन वा अपराधबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पर्ने व्यक्ति र त्यस्तो व्यक्तिको मृत्यु भएको वा असक्त भएको वा स्थिति अज्ञात भएको अवस्थामा निजको नातेदार समेत सम्झनुपर्दछ ।

(छ) "अदालत" भन्नाले यस ऐनअन्तर्गतका अपराध वा कसूरमा संलग्न व्यक्तिउपर मुद्दाको कारबाही र पुर्पक्ष गर्ने प्रयोजनका लागि ऐनको दफा १७ बमोजिम गठन भएको राष्ट्रिय फौजदारी अदालत सम्झनुपर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले यस ऐनअन्तर्गत गठित राष्ट्रिय फौजदारी अदालतको अध्यक्ष सम्झनुपर्दछ ।

(झ) "सदस्य" भन्नाले यस ऐनअन्तर्गत गठित राष्ट्रिय फौजदारी अदालतका सदस्यहरू सम्झनुपर्दछ ।

(ञ) "अभियोक्ता" भन्नाले यस ऐनअन्तर्गतका अपराध वा अभियोगहरूको छानबिन तथा अनुसन्धान गरी मुद्दा चलाउने अधिकारी सम्झनुपर्दछ ।

(ट) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्दछ ।

## परिच्छेद -२
## पीडितका अधिकारहरू

५. **घटनाको सत्य-तथ्य थाहा पाउने अधिकार** : सरकारका निकाय वा निजका पदाधिकारीहरुको लापरबाही वा कुनै प्रकारका गैरकानुनी कार्यबाट कुनै व्यक्तिलाई क्षति पुग्न गएमा त्यस्तो विषयसँग सम्बद्ध विगतका सबै घटनाहरू, संलग्न दोषीहरू र प्रत्याभूत गरिएको उपचारको बारेमा जान्ने र सूचना पाउने अधिकार पीडितको हुनेछ ।

६. **परिपूरणको अधिकार** : (१) कानुन कार्यान्वयन गर्ने अधिकारी, कुनै सरकारी कर्मचारी, सशस्त्र व्यक्ति वा समूहको लापरबाहीपूर्ण वा गैरकानुनी कार्य वा कानुन पालना नगरेको कारणबाट कुनै व्यक्तिलाई क्षति पुग्न गएमा असरको मात्रा अनुसार पीडित व्यक्तिलाई परिपूरण सहितको उचित र पर्याप्त क्षतिपूर्ति प्रदान गरिनेछ । पीडित व्यक्तिको मृत्यु भएमा यसप्रकारको क्षतिपूर्ति, उद्धार, पुनर्स्थापन वा उपचार निजका आश्रित परिवारहरूले समेत प्राप्त गर्नेछन् ।

७. **निष्पक्ष सुनुवाइ तथा उपचारको अधिकार** : दण्डहीनताका कारण पीडित हुने व्यक्तिले कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायिक निकाय वा सक्षम अधिकारीद्वारा निष्पक्ष सुनुवाइ तथा उपचारको अधिकार प्राप्त गर्नेछन् ।

८. **कानुनी सहायताको अधिकार** : यस ऐनअन्तर्गतका कसूर वा अपराधबाट पीडित व्यक्तिलाई निःशुल्क कानुनी सहायता प्राप्त गर्ने अधिकार हुनेछ ।



९. **सुरक्षाको अधिकार** : यस ऐनअन्तर्गतका कुनै कसूर वा अपराधबाट पीडित व्यक्ति, निजका परिवारका सदस्यहरू तथा सम्बन्धित साक्षीहरूको आवश्यक सुरक्षाको अधिकार हुनेछ ।

## परिच्छेद - ३
## दण्डहीनता सम्बन्धी फौज्दारी न्यायका सिद्धान्तहरु

१०. **कसूर प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गनुपर्ने** : (१) कुनै कसूरको अभियोग लागेको व्यक्तिको कसूर कानुनबमोजिम प्रमाणित नभएसम्म त्यस्तो व्यक्ति निर्दोष भएको अनुमान गरिनेछ ।

(२) यस ऐनमा र प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो मातहतको कुनै व्यक्ति वा कर्मचारीले यस ऐनबमोजिम कसूर हुने कुनै कार्य गरेको अवस्थामा त्यस्तो व्यक्ति वा कर्मचारीको सुपरिवेक्षण र नियन्त्रण गर्ने कानुनी जिम्मेवारी भएको माथिल्लो अधिकारीले कुनै कारबाही नगरेको अवस्थामा त्यस्तो माथिल्लो अधिकारीले त्यस्तो कार्य गर्न निर्देशन दिएको थिएन वा त्यस्तो कार्यको जानकारी त्यस्तो माथिल्लो अधिकारीलाई थिएन भन्ने कुराको प्रमाण पुऱ्याउने भार त्यस्तो अधिकारीमाथि नै हुनेछ ।

११. **कानुनले सजाय नहुने काम गरेबापत सजायको भागी नहुने** : (१) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकका लागि यो ऐन लागू हुनुभन्दा अगाडि यस ऐनअन्तर्गतका कुनै अपराधमा कुनै व्यक्ति वा पदाधिकारी संलग्न भएको पाइएमा त्यस्तो व्यक्ति वा पदाधिकारीका विरुद्धसमेत यस ऐनअन्तर्गत कारबाही गर्न कुनै बाधा हुनेछैन ।

१२. **दोहोरो कारबाही गर्न नहुने** : कुनै पनि व्यक्तिउपर अदालतमा त्यसै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।

१३. **आफ्नो विरुद्ध बयान दिन कर नलगाइने** : कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध बयान दिन वा साक्षी बस्न कर लगाइने छैन ।

१४. **अभियोगको सूचना दिनुपर्ने** : अभियोग लागेको व्यक्तिलाई अभियोगको प्रकृति र कारणको जानकारी निजले बुझ्ने भाषामा उपलब्ध गराइनेछ । अभियोग लागेको व्यक्तिलाई गिरफ्तारी पुर्जीबिना र कानुनद्वारा तोकिएको कार्यविधिको पूर्ण पालना नगरी थुनामा राखिने छैन ।

१५. **यातना दिन वा कुनै प्रकारको अमानवीय व्यवहार गर्न नपाइने** : पक्राउ परेको व्यक्तिलाई अनुसन्धान वा तहकिकातको सिलसिलामा यातना दिन वा कुनै प्रकारको अमानवीय व्यवहार गर्न पाइने छैन ।

१६. **परिवारका सदस्य, आफन्तहरु तथा कानुन व्यवसायीसँग सम्पर्क गर्न पाउने** : पक्राउ परेको व्यक्तिलाई निजका परिवारका सदस्यहरु, आफन्तहरु र कानुन व्यवसायीसँग सम्पर्क गर्ने र सल्लाह लिने हकबाट बञ्चित गरिने छैन ।

## परिच्छेद –४
## अदालतको गठन

१७. **अदालतको स्थापना र गठन** : (१) यस ऐनअन्तर्गतका मुद्दाको कारबाही र किनारा छिटो, छरितो र प्रभावकारीढंगले गराउने प्रयोजनका लागि एउटा राष्ट्रिय फौजदारी अदालत गठन गरिनेछ ।

(२) राष्ट्रिय फौजदारी अदालतमा पैंतालीस वर्ष उमेर पूरा भएका र कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएका देहायबमोजिमका नेपाली नागरिकहरु अध्यक्ष र सदस्यहरू रहनेछन्:-

(क) सम्बद्ध कानुनमा स्नातकोत्तरको उपाधि हासिल गरी कम्तीमा पन्ध्र वर्ष कानुन वा न्यायको क्षेत्रमा काम गरी राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा समेत प्रतिष्ठा आर्जन गरेको व्यक्ति - अध्यक्ष

(ख) पुनरावेदन अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्ति - सदस्य

(ग) राष्ट्रिय मानव अधिकार आयोगको सदस्य हुन योग्यता पुगेको व्यक्ति - सदस्य

(३) राष्ट्रिय फौजदारी अदालतका अध्यक्ष तथा सदस्यहरूको नियुक्तिका लागि देहाय बमोजिमको एक सिफारिस समिति गठन गरिनेछ ।

(क) प्रतिनिधिसभाको सभामुख- अध्यक्ष

(ख) सर्वोच्च अदालतको एकजना वरिष्ठतम न्यायाधीश- सदस्य

(ग) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्षले तोकेको राष्ट्रिय मानव अधिकार आयोगको एकजना सदस्य - सदस्य

(घ) संसद्मा प्रमुख विपक्षी दलको नेता - सदस्य



(ङ) नेपाल बार एशोसिएसनद्वारा मनोनीत कानुन तथा न्यायको क्षेत्रमा विशिष्टता हासिल गरेको वरिष्ठ अधिवक्ता वा अधिवक्ता- सदस्य

(४) अदालतका अध्यक्ष तथा सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ । निजहरुको पुनःनियुक्ति हुन सक्नेछ ।

(५) अदालतका अध्यक्ष तथा सदस्यहरुको मृत्यु भएमा वा निजहरुले लिखित राजीनामा दिएमा वा कार्यक्षमताको अभाव, इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्य पूरा नगरेको वा खराब आचरण भएको भन्ने आधारमा निजहरुविरुद्ध महाअभियोगको प्रस्ताव पारित भएमा निजहरुको स्थान रिक्त भएको मानिनेछ ।

१८. **अदालतको क्षेत्राधिकार** : (१) राष्ट्रिय फौजदारी अदालतलाई मानव अधिकार तथा मानवीय कानुनविरुद्धका अपराधमा संलग्न वा त्यस्ता अपराधका लागि जिम्मेवार वा सत्य-निरुपण तथा मेलमिलाप आयोगले छानबिन तथा अनुसन्धान गरी अभियोग चलाउन पर्याप्त प्रमाण भएको व्यक्तिविरूद्ध दायर गरिएको मुद्दाको कारबाही र किनारा गर्ने क्षेत्राधिकार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक अपराधको सम्बन्धमा सैनिक अदालतले अघि बढाएको कारबाही र त्यससम्बन्धमा भएको निर्णय उपर यस ऐनअन्तर्गत गठित अदालतले हस्तक्षेप गर्ने छैन ।

(३) यस ऐनबमोजिम गठन हुने अदालतले मुद्दाको प्रकृति हेरी पक्षहरुको अनुरोधमा खुल्ला र बन्द दुवै इजलासमार्फत सुनुवाइ गर्न सक्नेछ ।

(४) राष्ट्रिय फौजदारी अदालतले आफू समक्ष प्रस्तुत भएको विवाद न्यायिक सुनुवाइको क्रममा मानव अधिकार तथा मानवीय कानुनको अपराध होइन भन्ने प्रमाणित भएमा त्यस्तो विवाद देशको सामान्य अदालतले हेर्ने गरी सिफारिस गर्न सक्नेछ ।

१९. **मुद्दा थप गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा १७ बमोजिम गठित राष्ट्रिय फौजदारी अदालतलाई मानव अधिकार तथा मानवीय कानुन उल्लंघन सम्बन्धी थप मुद्दाहरु सुम्पिन सक्नेछ ।

## परिच्छेद –५
## राष्ट्रिय फौजदारी अदालतको अधिकार र कार्यविधि

२०. **बयान लिन तथा तारेख वा धरौटमा छाड्न सक्ने** : राष्ट्रिय फौजदारी अदालतलाई वादी प्रतिवादीका साक्षीका अतिरिक्त मुद्दासँग सम्बन्धित आवश्यक देखिएका अन्य व्यक्ति वा प्रमाण बुझ्ने वा म्यादमा हाजिर नहुने प्रतिवादी वा साक्षीलाई पक्राउ-पुर्जी जारी गरी पक्राउ गरी बयान वा बकपत्र गराउने वा मुद्दाको कुनै पक्षलाई तारेखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुन आउने गरी तारेखमा राखी पुर्पक्ष गर्ने अधिकार हुनेछ ।

२१. **सम्पत्ति र राहदानी रोक्का राख्न सकिने** : राष्ट्रिय फौजदारी अदालतले कुनै अभियुक्त उपर लागेको अभियोगको गम्भीरता, अभियुक्तको स्थिति, कसूरको मात्रा तथा प्रकृतिका आधारमा त्यस्तो अभियुक्तको कुनै सम्पत्ति रोक्का राख्न, त्यस्तो अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।

२२. **थप अभियोग-पत्र दायर गर्न सकिने** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय फौजदारी अदालतमा कुनै अभियुक्त उपर अभियोग-पत्र दायर भइसकेपछि सो मुद्दासँग सम्बद्ध थप प्रमाण फेला परेमा मुद्दा दायर भइसकेका अभियुक्तको हकमा साविकमा भएको अनुसन्धानलाई कायमै राखी थप अनुसन्धान तहकिकात गर्न वा पहिले लिएको सजायको माग दाबीमा थप माग दाबी लिन सोको कारण खोली अभियोक्ताले अनुमतिका लागि राष्ट्रिय फौजदारी अदालतमा निवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको कारण मनासिब देखिएमा राष्ट्रिय फौजदारी अदालतले आवश्यकता अनुसार अनुमति दिन आदेश गर्न सक्नेछ र त्यस्तो आदेश पाएमा पहिले मुद्दा दायर भएका अभियुक्त उपर थप सजाय माग दाबी गर्न वा थप अभियुक्त उपर थप अभियोग-पत्र दायर गर्न सकिनेछ ।

